तीनपाटन गाउँपालिकाको

# स्थानीय राजपत्र

# शिक्षा ऐन, २०७४

**कार्यपालिकाबाट स्वीकृत मिति : २०७४/१२/०५**

खण्ड : १, सङ्ख्या : ४, राजपत्रमा प्रकाशित मिति : २०७४/१२/०६

**पहिलो संशोधन - २०७९/०२/२७**
**प्रमाणिकरण मिति : २०७९/०५/११**

**भाग : १**

## तीनपाटन गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय, लाम्पनटार**
**सिन्धुली, जिल्ला**
**बागमती प्रदेश, नेपाल**

**प्रस्तावना**

प्रत्येक नागरिकमा सहिष्णुता, सदाचार, नैतिकता र मानवीय मुल्यको प्रबर्द्धन गरी संघीय लोकतन्त्रको संस्थागत विकास, मुलुकको समृद्धि र जनहितका लागि स्थानीय, राष्ट्रिय र विश्वव्यापी आवश्यकतामा आधारीत प्रतिष्पर्धी जनशक्ति तयार गर्न यस तीनपाटन गाउँपालिका क्षेत्रभित्र स्थापना हुने तथा स्थापना भई सञ्चालनमा रहेका विद्यालय तथा शैक्षिक निकायहरूको व्यवस्थापन गर्न वान्छनीय भएकोले नेपालको संविधान, २०७२ को धारा ५७ को उपधारा (४) को अनुसुचि (८) को क्र.सं.८ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ ज मा व्यवस्थित काम र अधिकारको प्रयोजनका लागि तीनपाटन गाउँपालिका सिन्धुलीको गाउँ सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यो ऐनको नामः "तीनपाटन गाउँपालिका शिक्षा ऐन, "२०७४" रहेको छ ।

(ख) यो ऐन तीनपाटन गाउँपालिका क्षेत्र भित्र लागू हुनेछ ।

(ग) यो ऐन तीनपाटन गाउँपालिका सिन्धुलीको गाउँसभाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस ऐनमा :

◆(क) **"स्थानीय सरकार"** भन्नाले तीनपाटन गाउँपालिका सिन्धुलीलाई सम्झनुपर्छ ।

(ख) **"ऐन"** भन्नाले तीनपाटन गाउँपालिका सिन्धुलीको शिक्षा ऐनलाई सम्झनु पर्छ ।

(ग) **"गाउँ कार्यपालिका"** भन्नाले तीनपाटन गाउँपालिकाको गाउँकार्यपालिका सिन्धुलीलाई सम्झनु पर्छ ।

(घ) **"कोष"** भन्नाले दफा ५२ वमोजिम विद्यालय सञ्चालनका लागि खडा गरिएको सञ्चित कोषलाई सम्झनु पर्छ ।

(ङ) **"गाउँपालिका"** भन्नाले तीनपाटन गाउँपालिका सिन्धुलीलाई सम्झनु पर्छ ।

(च) **"गाउँसभा"** भन्नाले तीनपाटन गाउँपालिका सिन्धुलीको गाउँ सभालाई सम्झनु पर्छ ।

◆ *पहिलो संशोधनबाट थप*



(छ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले तीनपाटन गाउँपालिका सिन्धुलीको प्रमुख पशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(ज) **"प्रारम्भिक बाल शिक्षा"** भन्नाले ४ वर्ष उमेर पूरा भई पाँच वर्ष उमेर पूरा नगरेको बालबालिकाका लागि खोलिएको एक वर्षको प्रारम्भिक बालशिक्षा केन्द्र, नर्सरी, के.जी., मन्टेश्वरी आदि सम्झनु पर्छ ।

(झ) **"आधारभूत शिक्षा"** भन्नाले प्रारम्भिक वालशिक्षा देखि आठ कक्षासम्म दिइने शिक्षा सम्झनु पर्छ ।

◆(ञ) **"प्राथमिक शिक्षा"** भन्नाले कक्षा एक देखि कक्षा पाँचसम्म दिईने शिक्षा सम्झनु पर्छ ।

(ट) **"प्राथमिक विद्यालय"** भन्नाले खण्ड (ञ) वमोजिम शिक्षा दिइने विद्यालय सम्झनु पर्छ ।

(ठ) **"आधारभूत शिक्षा"** भन्नाले प्रारम्भिक वाल शिक्षादेखि आठ कक्षासम्म दिइने शिक्षा सम्झनु पर्छ ।

◆(ड) **"आधारभूत विद्यालय"** भन्नाले खण्ड (ट) वमोजिम शिक्षा दिईने विद्यालय सम्झनु पर्छ ।

(ढ) **"माध्यामिक शिक्षा"** भन्नाले कक्षा नौ देखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

◆(ण) **"माध्यामिक विद्यालय"** भन्नाले खण्ड (ट) वमोजिम शिक्षा दिइने विद्यालय सम्झनु पर्छ ।

(त) **"विद्यालय शिक्षा"** भन्नाले आधारभूत र माध्यामिक दुवैशिक्षा सम्झनु पर्छ ।

(थ) **"प्राविधिक तथा व्यवसायिक शिक्षा"** भन्नाले प्राविधिक तथा व्यवसायिक ज्ञान, सिप तथा अभिवृत्ति विकास गर्न प्रदान गर्ने कक्षा नौ देखि कक्षा बाह्र सम्म अध्ययन गराईने शिक्षा सम्झनु पर्छ ।

(द) **"सामुदायिक विद्यालय"** भन्नाले नेपाल सरकारबाट नियमित रूपमा अनुदान पाउने गरि समुदायको पहलमा स्थापना भई अनुमति वा स्विकृति प्राप्त विद्यालय सम्झनु पर्छ ।

(ध) **"स्विकृति"** भन्नाले तोकिए वमोजिमको शर्त पूरा गरेको विद्यालयलाई नेपाल सरकारले दिएको स्थायी स्विकृतिलाई सम्झनु पर्दछ ।

◆ *पहिलो संशोधनबाट थप*

(न) **"अनुमति"** भन्नाले विद्यालय सञ्चालन गर्न नियम अनुसार गाउँपालिकाले दिने अनुमति सम्झनु पर्छ ।

(प) **"समुदायद्वारासञ्चालित विद्यालय"** भन्नाले सरकारबाट आंशिक अनुदान पाई समुदायको लगानिमा सञ्चालन भएको विद्यालयलाई सम्झनु पर्दछ ।

(फ) **"संस्थागत विद्यालय"** भन्नाले सरकारबाट नियमित अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त सहकारी, शैक्षिक गुठी र निजि स्तरबाट सञ्चालित विद्यालयलाई सम्झनु पर्दछ ।

(ब) **"साझेदारी विद्यालय"** भन्नाले सरकार र निजि क्षेत्रको सामुहिक लगानिमा सञ्चालन भएको विद्यालयलाई सम्झनु पर्दछ ।

(भ) **"विशेष शिक्षा"** भन्नाले दृष्टिविहिन, वहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्त श्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालवालिकालाई छुट्टै समुहमा विशेष प्रकार र निश्चित माध्यमबाट दिइने शिक्षा सम्झनु पर्छ ।

(म) **"विशेष विद्यालय"** भन्नाले खण्ड (भ) वमोजिम आवश्यकता भएका बालबालिकालाई सांकेतिक भाषा, ब्रेल लिपि आदिको माध्यमबाट शिक्षा दिईने विद्यालयलाई सम्झनु पर्दछ ।

(य) **"शिक्षक"** भन्नाले विद्यालयको अध्यापकलाई सम्झनु पर्छ । सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउने छ ।

(र) **"समावेशी शिक्षा"** भन्नाले देहायको शिक्षा भन्ने सम्झनु पर्छ ।

१. दृष्टिविहिन, न्यून दृष्टियुक्त, बहिरा, सुस्त श्रवण, अटिज्म, बौदिक, शारिरीक वा अन्य अपाङ्गता भएका वाबालिकालाई नियमित शैक्षिक पद्धतिको अधिनमा रहि दिईने शिक्षा ।

२. सामाजिक, आर्थिक र भौगोलिक कारणले पछाडि पारिएका व्यक्तिलाई विभेद रहित वातावरणमा दिईने शिक्षा ।

(ल) **"व्यवस्थापन समिति"** भन्नाले दफा २१ वमोजिम गठन हुने विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ ।

♦(व) **"शिक्षा अधिकृत"** भन्नाले तीनपाटन गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाको प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्छ ।

♦ *पहिलो संशोधनबाट थप*



(श) **"शिक्षा शाखा"** भन्नाले गाउँपालिकामा रहेको शिक्षा युवा तथा खेलकूद शाखा हेर्ने विभाग, महाशाखा, शाखा वा इकाईलाई सम्झनु पर्छ ।

(ष) **"शिक्षा गुठी"** भन्नाले विद्यालय सञ्चालन गर्नका लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजि गुठी सम्झनु पर्छ ।

(स) **"फोकल पर्सन"** भन्नाले तीनपाटन गाउँपालिका भित्र रहेको विद्यालयहरूको शैक्षणिक अभिवृद्धि तथा शिक्षकहरूको पेशागत व्यवसायिकता अभिवृद्धि गर्न माध्यमिक तहका स्थायी शिक्षकहरूमध्येबाट छानिएको व्यक्ति सम्झनु पर्छ ।

(ह) **"अविभावक"** भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थिको अविभावक भनी विद्यालयको अभिलेखमा जनिएका व्यक्ति सम्झनु पर्छ ।

(क्ष) **"विद्यालय कर्मचारी"** भन्नाले विद्यालयको दैनिकप्रशासनिक कार्य सञ्चालन गर्न तोकिएको व्यक्ति सम्झनु पर्छ ।

(त्र) **"गाउँ शिक्षा समिति"** भन्नाले यस ऐनको दफा १६ को उपदफा "ख" वमोजिम गठित समितिलाई सम्झनु पर्छ ।

(ज्ञ) **"तोकिएको वा तोकिएवमोजिम"** भन्नाले यस ऐन अन्तर्गत वनेका नियम वा विनियममा तोकिएको वा तोकिएवमोजिम सम्झनुपर्छ ।

★स्रोत व्यक्ति..........................

## परिच्छेद-२

## शिक्षाको प्रकार, विद्यालयको वर्गिकरण, अनुमति स्वीकृति, समायोजन तथा नियमन

**३. (१) विद्यालयको तह २ प्रकारका हुनेछन् :**

(क) माध्यमिक तह : कक्षा ९-१२ अध्यापन हुने

(ख) आधारभूत तहः बालकक्षा देखि कक्षा ८ सम्म अध्ययन अध्यापन हुनेछ, आधारभूत तहभित्र कक्षा ५ सम्म अध्यापन हुने विद्यालयलाई प्राथमिक तह र बालविकास केन्द्र अन्तगृत वाल हेरचाह केन्द्र, मन्टेश्वरी, किन्डर गार्डेनहरू रहनेछन् ।

★ *पहिलो संशोधनबाट हटाइएको*

**(२) माध्यमिक शिक्षाको प्रकारः**

(क) माध्यमिक तहको शिक्षा देहाय वमोजिम हुने छन् ।

अ) साधारण माध्यमिक शिक्षा

आ) सांस्कृतिक माध्यमिक शिक्षा

इ) प्राविधिक तथा व्यवसायिक माध्यमिक शिक्षा

**४. शिक्षाको माध्यमः**

क) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा, वा दुवै भाषा हुनेछ ।

ख) उपदफा (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विद्यालयको शिक्षाको माध्यम देहाय वमोजिम हुन सक्नेछ ।

अ) आधारभुत शिक्षा मातृभाषामा शिक्षा दिन सकिनेछ ।

आ) गैरनेपाली नागरिकले विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्नेछ ।

इ) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा भए पनि अन्य विषयको हकमा बहुभाषा तथा समुदायमा बोलिने भाषालाई प्राथामिकता दिनु पर्नेछ ।

**५. विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दुर शिक्षा तथा खुल्ला शिक्षा सम्बन्धी व्यवस्थाः** गाउँपालिकाले आवश्यक पुर्वाधारको व्यवस्था गरी विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दुर शिक्षा तथा खुल्ला शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ ।

**६. विद्यालयको वर्गिकरणः** विद्यालयको सम्पति र स्रोत साधन लगानीका आधारमा निम्न अनुसार वर्गिकरण गरिनेछ ।

क) सामुदायिक विद्यालय,

ख) समुदायद्वारा सञ्चालित विद्यालय,

ग) संस्थागत विद्यालय,

घ) साझेदारी विद्यालय ।



**७. विद्यालय सञ्चालन गर्न अनुमति लिनुपर्ने :**

क) कुनै समुदाय वा नेपाली नागरिकले शैक्षिक गुठी अन्तर्गत संस्थागत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई वडा समितिको सिफारिस सहित गाउँपालिका अध्यक्ष समक्ष अनुमतिको लागि निवेदन दिनु पर्नेछ ।

ख) उपदफा (१) वमोजिम निवेदन परेमा सो निवेदन उपर शिक्षा शाखाबाट आवश्यक जाँचबुझ गर्दा निर्धारित मापदण्ड पूरा भई विद्यालय खोल्न अनुमति दिन मनासिव देखिएमा तोकिएको सर्त बन्देज पालना गर्ने गरी शिक्षा समितिको सिफारिसमा गाउँपालिका अध्यक्षले अनुमति दिनेछ ।

ग) कुनै समुदायमा सामुदायिक विद्यालय सञ्चालन गर्न आवश्यक छ भनी समुदायले वडा समितिमा निवेदन दिइ वडा समितिले रायसहित सामुदायिक विद्यालय खोल्ने स्विकृतिका लागि गाउँ शिक्षा समिति समक्ष सिफारिस गरेमा गाउँ शिक्षा समितिको स्विकृतिमा गाउँपालिका अध्यक्षले स्वीकृति दिन सक्नेछ ।

घ) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदद्वारा तर्जुमा गरिएको प्राविधिक तथा व्यवसायिक माध्यमिक शिक्षा (टि./एस.इ.इ) सञ्चालनका लागि कुनै सामुदायिक माध्यमिक विद्यालयको आवेदन परेमा गाउँ शिक्षा समितिको सिफारिसमा गाउँपालिका अध्यक्षले अनुमति प्रदान गर्न सक्नेछ । तर, अनुमति लिनु अघि परिषदद्वारा तोकिएको मापदण्ड जाँचबुझ र यकिन गर्ने कार्य गाउँ शिक्षा समितिले गर्नु पर्नेछ ।

ङ) यस ऐन वा अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि शैक्षिक गुठी अन्तर्गतका विद्यालय सञ्चालन देहाय वमोजिम गर्नु पर्नेछ ।

अ) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक (ट्रष्टि) संगठित संस्थाको रूपमा हुनु पर्नेछ,

आ) शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टिमा सार्वजनिक गुठी भए कम्तिमा पाँचजना र नीजि गुठी भए कम्तिमा तीनजना सदस्य हुनुपर्नेछ,

इ) शैक्षिक गुठीको आय व्ययको लेखा तोकिए वमोजिम खडा गरी मान्यता प्राप्त लेखा परिक्षकबाट लेखा परिक्षण गराएको हुनुपर्नेछ,

ई) शैक्षिक गुठीको तत्काल कायम रहेको ट्रष्टिले आफ्नो जिवनकालमै वा शेषपछि गुठीयारको रूपमा काम गर्ने आफ्नो उत्तराधिकारी तोक्न

सक्नेछ । तर, सार्वजनिक शैक्षिक गुठीको हकमा यस्तो उत्तराधिकारी तोक्दा गाउँपालिकाको स्वीकृति लिनु पर्नेछ ।

च) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय वा गुठी सञ्चालन गर्न चाहेमा गाउँपालिका प्रमुख समक्ष आवेदन दिनु पर्नेछ । सो को आवश्यक जाँचबुझ गरी शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाबाट सो को स्वीकृति लिई शैक्षिक गुठी अन्तरगत विद्यालय स्थापना र सञ्चालन गर्न सक्नेछ ।

छ) उपदफा (६) वमोजिम सञ्चालित विद्यालयले पालना गर्नुपर्ने शर्त तथा अन्य व्यवस्था गाउँ शिक्षा समितिले तोके वमोजिम हुनेछ ।

ज) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी शिक्षण संस्थासँग सम्वन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिईने कार्य संघीय कानून वमोजिम हुनेछ ।

झ) यस अघि दर्ता भएका विद्यालय सम्बन्धी व्यवस्थाः माथि जेसुकै उल्लेख भए पनि यस अघि नियम अनुसार दर्ता र सञ्चालनमा रहेका विद्यालयहरू यसै ऐन वमोजिम सञ्चालन भएका मानिने छन् । तर, यस अघि सञ्चालन भएका विद्यालयले शिक्षा शाखाले तोकेको ढाँचामा विवरण र कागजपत्र पेश गर्नु पर्नेछ ।

**८. धरौटी राख्नुपर्नेः** संस्थागत विद्यालयमा खोल्ने अनुमति लिदा विद्यालय सञ्चालनको सुरक्षा बापत तोकिए वमोजिमको रकम धरौटीको रूपमा राख्नु पर्नेछ ।

**९. धरौटी रकम जम्मा गरिनेः** विद्यालयको दफा (८) वमोजिमको धरौटी वापतको रकम कार्यपालिकाको तोकिएको खातामा जम्मा गर्नु पर्नेछ ।

**१०. बाल शिक्षा केन्द्र सम्बन्धी :** गाउँपालिकाले कुनै विद्यालयसँग मिसाएर वा छुट्टै बालशिक्षा केन्द्रको स्थापना र सञ्चालन गर्न र थप व्यवस्था गर्न सक्नेछ ।

**११. बालगृहको सञ्चालनः** गाउँपालिकाले आफैले वा कुनै व्यक्ति वा संस्थाले बालगृह सञ्चालन गर्न पाउनेछ । बालगृह संञ्चालनको लागि आवश्यक प्रक्रिया गाउँ शिक्षा समितिले तोके वमोजिम हुनेछ ।

**१२. छात्रवृत्तिको व्यवस्था गर्न सक्ने :** गाउँपालिकाले सामुदायिक विद्यालयमा भर्ना भएका विद्यार्थीहरूलाई तोकिए वमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ ।

**१३. सामुदायिक सिकाई केन्द्र सञ्चालन गर्न सक्नेः** गाउँपालिकाको समुदायमा साक्षरता, सिप विकास र निरन्तर सिकाई समेतको काम गर्न तोकिए वमोजिम



सामुदायिक सिकाई केन्द्र सञ्चालन गर्न सक्नेछ । यस्तो केन्द्रमा सामुदायिक पुस्तकालय र वाचनालय सञ्चालन हुन सक्नेछ ।

**♦१४. अध्यापन अनुमतिपत्र लिनु पर्ने :** (१) यो ऐन प्रारम्भ भएपछि अध्यापन अनुमतिपत्र नलिई कसैले पनि सामुदायिक विद्यालयको शिक्षक पदको लागि उम्मेदवार हुन पाउने छैन ।

**१५. गाउँपालिकाले विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्ने :**

(१) गाउँपालिकाले तोकिएको मापदण्ड पूरा गर्न नसकेका विद्यालयहरूलाई गाउँ शिक्षा समितिले आवश्यक प्रक्रियामार्फत सार्न, गाभ्न वा बन्द गर्न सक्नेछ ।

(२) विद्यालयको नाम परिवर्तन गर्नु परेमा नाम परिवर्तन गर्नुपर्ने उपयुक्त कारण सहित तोकिएको विवरण र ढाँचामा गाउँ शिक्षा समिति मार्फत गाउँपालिकामा स्वीकृतिका लागि पेश गर्नुपर्नेछ ।

(३) उपदफा (२) वमोजिम पेश हुन आएको निवेदन उपर गाउँ शिक्षा समितिको सिफारिसमा गाउँपालिकाले नाम परिवर्तनको स्वीकृति दिन सक्नेछ।

(४) विद्यालयको नाम राख्दा वा परिवर्तन गर्दा कुनै व्यक्ति विशेषको नाम, धार्मिक तथा जातिगत विद्वेष झल्किने प्रकारको नाम राख्न पाइने छैन । माध्यमिक तहको हकमा कम्तिमा रु.५०,००,०००/- (पचास लाख रुपैया) मात्र, आधारभूत तहको हकमा कम्तिमा रु.३०,००,०००/- (तिस लाख रुपैया) मात्र वा सो रकम बराबरको जिन्सी प्रदान गरेमा व्यक्तिको नाममा विद्यालयको नाम परिवर्तन गर्न बाधा पुगेको मानिने छैन ।

## परिच्छेद–३

## शिक्षा सम्बन्धी संरचनागत व्यवस्था

**❖१६. गाउँ शिक्षा समिति सम्बन्धी व्यवस्था**

(१) गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालयको व्यवस्थापन, रेखदेख र समन्वय गर्ने कामको लागि गाउँपालिकामा देहाय बमोजिमको गाउँ शिक्षा समिति रहनेछ :

---

*♦ पहिलो संशोधनबाट थप*

*❖ पहिलो संशोधनबाट परिमार्जन*

क) गाउँपालिकाको अध्यक्ष - संयोजक

ख) गाउँपालिकाको उपाध्यक्ष - सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

घ) गाउँपालिकाले तोकेको गाउँपालिकाका सदस्यहरूमध्येबाट कम्तीमा एकजना महिला सहित चारजना - सदस्य

ङ) गाउँपालिका क्षेत्रभित्र रहेका विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू मध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको एक जना - सदस्य

च) स्थानीय समाजसेवी वा शिक्षा प्रेमीहरूमध्येबाट गाउँ शिक्षा समितिबाट मनोनित एकजना महिला सहित तीनजना - सदस्य

छ) गाउँपालिकास्तरीय शिक्षक महासंघको पदाधिकारीहरूमध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको एकजना - सदस्य

ज) गाउँपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयका प्रधानाध्यापकहरूमध्येबाट गाउँपालिकाले मनोनित गरेको एकजना - सदस्य

झ) गाउँ पालिका स्थित विशेष शिक्षा, समावेशी शिक्षा वो स्रोत कक्षा सञ्चालन गर्ने विद्यालय वा अपाङ्ग संबन्धित शिक्षण संस्थाबाट प्रतिनिधित्व हुने गरी गाउ शिक्षा समितिले मनोनित गरेको अपाङ्गता भएका व्यक्ति एक जना -सदस्य

ञ) गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख - सदस्य सचिव

(२) उपदफा १ बमोजिमको समितिको वैठकमा शिक्षकका पेसागत संगठनका पालिकास्तरीय प्रमुखहरूलाई आमन्त्रित सदस्यको रुपमा बोलाउन सकिनेछ ।

(३) मनोनित सदस्यहरूको कार्यकाल २ वर्षको हुनेछ ।

(४) समितिको बैठक सञ्चालन प्रक्रिया, बैठक भत्ता तथा सेवा सुविधा गाउँ कार्यपालिकाबाट तोकिए बमोजिम हुनेछ ।

(५) उपदफा (१) अनुसार तोकिएको वा मनोनित भएको सदस्यले पदिय आचरण पुरा नगरेमा गाउँ कार्यपालिकाले जुनसुकै समयमा पनि हटाउन सक्नेछ । तर, त्यसरी हटाउन वा वर्खास्त गर्नु अघि मनासिव माफिकको स्पष्टिकरणको मौकाबाट बञ्चित गरिने छैन ।

**१७. गाउँ शिक्षा समितिको काम, कर्तव्य र अधिकार वेहाय वमोजिम हुनेछ :**

क) तीनपाटन गाउँपालिकाको क्षेत्र भित्रको शैक्षिक योजना तयार गर्ने ।



ख) तीनपाटन गाउँपालिका क्षेत्रभित्र विद्यालय सञ्चालनकालागि अनुमति र अनुमाति खारेज, स्वीकृत, विद्यालय सार्ने, गाभ्ने सम्बन्धी गाउँपालिकालाई आवश्यक राय प्रदान गर्ने ।

ग) विद्यालयहरूलाई आर्थिक अनुदान सम्बन्धी आवश्यक स्रोतको खोजी गर्ने ।

घ) आफ्नो क्षेत्रभित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भयरहित बनाउन सहयोग गर्ने ।

ङ) विद्यालयहरूको लेखा परिक्षकको नियुक्ति र पारिश्रामिक तोक्ने ।

च) गाउँपालिका क्षेत्र भित्र स्थापना भएका आफ्नो स्रोतमा सञ्चालित सामुदायिक विद्यालयहरूको शिक्षक दरबन्दी, सेवा, सुविधा र शर्तहरू स्वीकृत गर्ने ।

छ) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, जागरुक र सजग बनाउने

ज) शिक्षाको गुणस्तर कायम राख्ने सुचक विकास गर्ने र प्रगति मुल्याङ्कन गर्ने

झ) शैक्षिक गुठीसँग गर्ने सम्झौताका शर्तहरू निर्धारण गर्ने,

ञ) शैक्षिक संस्था र शिक्षासँग आबद्ध शिक्षक कर्मचारीहरूलाई कामको आधारमा आवश्यक प्रोत्साहन, हौसला, पुरस्कार, नसियत, दण्ड, कार्वाही गर्ने गराउने ।

ट) संस्थागत विद्यालय सञ्चालनको मापदण्ड बनाउने, सञ्चालनको स्वीकृत र अनुमतिको लागि गाउँपालिकालाई आवश्यक राय सुझाव प्रदान गर्ने ।

ठ) विद्यालय गाभ्ने, सार्ने नाम परिवर्तन गर्ने, तह थप गर्ने, घटाउने जस्ता कामको नीति तर्जुमा गरी गाउँपालिकामा पेस गर्ने ।

ड) सामुदायिक सिकाई केन्द्र स्थापना, सुपरीवेक्षण र सञ्चालन सम्बन्धी नीति तर्जुमा गर्ने ।

ढ) विद्यार्थीहरूलाई आवश्यकता अनुसार दिवा खाजा व्यवस्थापन गर्ने ।

ण) विद्यालय बाहिर रहेका बालबालिका पहिचान र प्रोत्साहन गरी सबैका लागि शिक्षा सुनिश्चित गर्ने ।

त) विद्यालयमा पठनपाठनको अधिकतम प्रवन्ध हुने गरी शैक्षिक क्यालेण्डर बनाई लागू गर्ने, गराउने ।

थ) गाउँ कार्यपालिकालाई शैक्षिक विकासका लागि आवश्यक सुझाव तथा परामर्श दिने ।

द) शैक्षिक सूचना व्यवस्थापन प्रणाली स्थापना गरी सबै विद्यार्थी, शिक्षकसँग सम्बन्धी तथ्याङ्कहरू राख्ने ।

ध) शिक्षामा सबै बालबालिकाको पहुँच, गुणस्तरमा सुधार र संरक्षणका पक्षहरूलाई सुनिश्चित गर्न आवश्यक नीति तथा कार्यक्रमहरू सञ्चालन गर्ने ।

(न) विद्यालयलाई आर्थिक सहायता उपलब्ध गराउने तथा त्यस्तो सहायताको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने,

(प) विद्यालयको लेखापरीक्षण सम्बन्धमा लेखापरीक्षकले दिएको प्रतिवेदन अनुसार आवश्यक कारबाही गर्ने/गराउने,

(फ) विद्यालय बन्द गर्नु पर्ने भएमा कार्यपालिकामा सिफारिस गर्ने,

(ब) विद्यालयको अनुगमन तथा सुपरीवेक्षण गरी सुधार गराउने,

(भ) छात्रवृत्ति कोष सञ्चालन तथा व्यवस्थापन गर्ने गराउने,

ञ) पदावधि समाप्त भएका समितिद्वारा आर्थिक तथा शिक्षक नियुक्ति जस्ता काम गरेको पाइएमा कार्वाहीका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने ।

(म) तोकिए वमोजिमका अन्य कार्यहरू गर्ने ।

♦१८. **प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकार** : यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त प्रमुख तथा शिक्षा समितिको प्रत्यक्ष मातहतमा रही प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :-

(क) शिक्षालाई मौलिक हकको रूपमा कार्यान्वयन गर्न गाउँपालिकाको समग्र शैक्षिक नीति, योजना, कार्यक्रमको कार्यान्वयन एवम् अनुगमन गर्ने, गराउने,

(ख) गाउँपालिकाको कार्यसम्पादन नियमावलीमा प्रमुख प्रशासकीय अधिकृतले गर्ने भनी उल्लेख भएका शिक्षा सम्बन्धी कार्य गर्ने,

(ग) शैक्षिक समन्वयकर्ता तथा सहजकर्ताको भूमिका निर्वाह गर्ने,

(घ) कार्यपालिका तथा शिक्षा समितिले प्रत्यायोजन गरेका शिक्षा सम्बन्धी कार्य गर्ने,

(ङ) शैक्षिक गुणस्तर अभिवृद्धि तथा उच्च शैक्षिक उपलब्धिका लागि शिक्षा अधिकारीसँग कार्यसम्पादन करार गर्ने,

(च) विद्यालयहरूको लेखा परीक्षणको व्यवस्था मिलाउने ।

♦ *पहिलो संशोधनबाट थप*



♦१९. **शिक्षा युवा तथा खेलकूद अधिकृतको काम कर्तव्य र अधिकार** : गाउँपालिका अर्न्तगतका शिक्षा सम्बन्धी कार्यक्रम व्यवस्थापन गर्न र शैक्षिकप्रशासन सञ्चालन गर्न र शैक्षिकप्रशासन सञ्चालन गर्न एक जना शिक्षा अधिकृत रहनेछ । निजको काम कर्तव्य र अधिकार निम्न अनुसार हुनेछन् ।

१. गाउँ स्तरीय शिक्षा योजना तर्जुमा गरी गाउँ कार्यपालिकामा पेश गर्ने ।

२. गाउँपालिका तथा गाउँ शिक्षा समितिबाट शिक्षा तथा शैक्षिक विकासका लागि पारित नीति तथा कार्यक्रमको कार्यान्वयन गर्ने तथा प्राप्त निर्देशन पालना गर्ने ।

३. विद्यालय तथा शैक्षिक निकायहरूको अनुगमन तथा सुपरिवेक्षण गर्ने, गराउने ।

४. गाउँ कार्यपालिका, गाउँ शिक्षा समिति र प्रमुख प्रशासकीय अधिकृतलाई शैक्षिक विकासका लागि आवश्यक सुझाव तथा परामर्श दिने ।

५. शिक्षकहरूको कार्य सम्पादन मूल्याङ्कन गर्ने ।

६. विद्यार्थी संख्या घट्न गई फाजिलमा परेका सामुदायिक विद्यालयका शिक्षकलाई अर्को समुदायिक विद्यालयमा मिलान गर्न शिक्षा समितिमा सिफारिस गर्ने,

७. विद्यालयमा रहेका समिति उप-समितिको गठन र तोकिएको काम, कतर्व्यको गरे नगरेको सुपरीवेक्षण गरी त्यसको प्रतिवेदन तयार गर्ने ।

८. शिक्षाको गुणस्तर बढाउनको लागि शिक्षक, प्रधानाध्यापक तथा व्यवस्थापन समितिका पदाधिकारीहरूको समय समयमा बैठक, गोष्ठी वा तालिमको सञ्चालन गर्ने

९. गाउँपालिका शिक्षा समितिको सदस्य सचिवको भुमिकामा निर्वाह गर्ने ।

१०. शिक्षा अधिकृतको अन्य काम कर्तव्य र अधिकार तोकिए वमोजिम हुनेछ ।

♦२०. **वडा समितिको काम, कर्तव्य र अधिकार** : वडा समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :-

(क) विद्यालय सेवाक्षेत्र निर्धारण गर्ने,

(ख) नयाँ विद्यालय खोल्ने अनुमतिको निवेदनसाथ प्राप्त कागजात र स्थलगत अवस्था जाँचबुझ गरी औचित्यसहित सक्कलै कागजात गाउँपालिकामा सिफारिस गर्ने,

(ग) विद्यालय बन्द गर्न, गाभ्न तथा कक्षा थपका लागि सिफारिस गर्ने,

(घ) अनौपचारिक शिक्षाको कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने,

♦ *पहिलो संशोधनबाट थप*

(ङ) वडा क्षेत्रभित्र सञ्चालित विद्यालयको अनुगमन, रेखदेख र समन्वय गरी गुणस्तर वृद्धि गर्न सुझाव र परामर्श दिई सहयोग गर्ने,

(च) विद्यालय नक्साङ्कन (स्कुल जोनिङ) को पूर्वाधारसहित विद्यालय भर्ना नभएका बालबालिकाको विवरण अध्यावधिक गर्ने,

(छ) गाउँपालिका र शिक्षा समितिबाट निर्देशित तथा प्रत्यायोजित कार्य गर्ने

**२१. विद्यालय व्यवस्थापन समिति :**

१. सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहने छ।

क) खण्ड (ख) र (घ) बाट छानेको व्यक्ति मध्येबाट एक जना - अध्यक्ष

ख) अभिभावकले आफूहरूमध्येबाट छानी पठाएका २ जना महिला सहित चार जना - सदस्य

ग) विद्यालय रहेको गाउँपालिका वा नगरपालिकाको सम्बन्धित वडाको वडाध्यक्ष वा वडा समितिका सदस्यहरूमध्येबाट सो वडा समितिले मनोनयन गरेको एक जना - सदस्य

घ) विद्यालयका सस्थापक, चन्दा दाता,स्थानीय समाजसेवी, बुद्धिजिवी मध्येबाट खण्ड (ख) र (ग) का व्यक्तिहरूले मनोनित गरेको १ जना महिला सहित दुई जना - सदस्य

ङ) सम्बन्धित विद्यालयका शिक्षकहरूले आफुमध्येबाट छानी पठाएका १ जना - सदस्य

च) सम्बन्धित विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

२. विद्यालय व्यवस्थापन समितिको पदावधी ३ वर्षको हुनेछ।

३. उपदफा (१) को खण्ड (ख) र (घ) वमोजिम सदस्य तथा खण्ड (क) वमोजिमको अध्यक्ष छनौट हुन नसकेमा सो खण्डका सदस्य तथा अध्यक्षको छनौट गाउँ शिक्षा समितिले गर्ने छ।

४. उपदफा (१) को खण्ड (क) वमोजिम छनौट हुने अध्यक्षको लागि २५ वर्ष उमेर पूरा भएको हुनु पर्नेछ।

५. यस ऐनमा अन्यत्र जेसुकै कुरा लेखिएको भए तापनि यो ऐन लागू हुँदाका बखतसम्म गठित क्रियाशिल विद्यालय व्यवस्थापन समितिको पदावधि रहे पनि स्वतः पदावधि समाप्त भएको मानि ऐन लागू भएको एक महिनाभित्र नयाँ समिति गठन गर्नु पर्नेछ।



६. विद्यालय व्यवस्थापन समितिको गठन गर्ने प्रयोजनको लागि अभिभावकलाई सहयोग गर्न एक छनौट सहयोग समिति गठन गर्नेछ। उक्त समितिको सेवा तथा सुविधा विद्यालयप्रशासन आफैले व्यहोर्ने छ।

७. उपदफा (१) वमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि ३ वर्षको हुनेछ। त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा गाउँ शिक्षा समितिले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ। तर त्यसरी पदबाट हटाउनु अघि वा समिति विघटन गर्नु अघि आफ्नो सफाइपेश गर्ने मौकाबाट बञ्चित गरिने छैन।

८. विद्यालयलाई शान्तिक्षेत्र बालमैत्री विद्यालयको रूपमा विकास गर्न तोकिएको सूचकहरू पूरा गर्न आवश्यक कार्य गर्नु व्यवस्थापन समितिको दायित्व हुनेछ।

९. सामुदायिक विद्यालय व्यवस्थापन समितिको अन्य काम कर्तव्य र अधिकार देहायवमोजिम हुनेछ।

१०. प्राविधिक र व्यवसायिक विषयमा अध्ययन वा तालिम दिन माविको व्यवस्थापन समितिमा दुई जना उद्योग वाणिज्य संघको प्रतिनिधि सदस्य रहनेछन्।

क) विद्यालयमा प्राप्त स्रोत साधनको समुचित र पारदर्शी तवरले परिचालन गर्ने।

ख) स्थानीय तहले परीक्षा लिई र शिक्षक सेवा आयोगबाट सिफारिस भई स्थानीय तहबाट खटाइएको शिक्षकलाई हाजिर गराई काममा लगाउने।

ग) गाउँपालिका तथा गाउँ शिक्षा समितिले दिइएको आदेश तथा निर्देशन पालना गर्ने।

घ) गाउँपालिकाले तोकिएको लेखापरीक्षकबाट लेखापरीक्षण गराउने र उक्त प्रतिवेदन उपर तत्काल आवश्यक कारवाही गर्ने र त्यसको प्रतिवेदन सम्बन्धित स्थानीय तहको शिक्षा शाखामा पेश गर्ने।

ङ) विद्यालयको स्वच्छ शैक्षिक वातावरण कायम राखि विद्यालयलाई शान्ति क्षेत्र,भयरहित, स्वार्थरहित तथा प्रकोपरहित वनाउने।

✤ **२२. विद्यालय व्यवस्थापन समितिको विघटन गर्न सकिने :** गाउँपालिकाको शिक्षा, युवा तथा खेलकूद शाखा प्रमुखको सिफारिसमा गाउँ कार्यपालिकाले देहायका अवस्थामा विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिनेछ।

---

✤ *पहिलो संशोधनबाट परिमार्जन*

क) विद्यालयको सम्पति हिनामिना गरेमा ।

ख) विद्यालयको शैक्षिक वातावरण खलबल्याएमा ।

ग) सम्वन्धित निकाय वा अधिकारीले दिएको निर्देशन विपरित काम गरेमा ।

घ) विद्यालय व्यवस्थापन सन्तोषजनक रूपमा गर्न नसकेमा ।

ङ) भ्रस्टाचार अभियोग सावित भएमा ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

**२३. शिक्षक अभिभावक संघ :** सबै सामुदयिक विद्यालयमा शिक्षक र अभिभावक सदस्य रहेको एक शिक्षक अभिभावक संघ रहने छ ।

**◆२४. बालबालिकालाई निष्काशन गर्न, शारीरिक वा मानसिक दुर्व्यवहार गर्न नहुने :**

(१) कुनै पनि बालबालिकालाई तोकिएको अवस्थामा बाहेक विद्यालयबाट निष्काशन गर्न पाइने छैन ।

**◆२५. तलव भत्ता नपाउने र सेवा अवधि गणना नहुने :** दफा ४१ मा उल्लिखित अवस्थामा वा नियमानुसार विदा स्वीकृत गराई बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेको शिक्षकले अनुपस्थित अवधिको तलब, भत्ता पाउने छैन र त्यस्तो अवधि निजको सेवा अवधिमा गणना समेत हुने छैन ।

## परिच्छेद-४

## विद्यालय तहको शिक्षक तथा कर्मचारीको दरबन्दी, सेवा शर्त र योग्यता

**२६. शिक्षकको दरबन्दी निर्धारण:-**

१. गाउँपालिका क्षेत्रभित्र रहेका समुदायिक विद्यालयहरूमा आवश्यक पर्ने शिक्षकहरूको दरबन्दी निर्धारण गाउँपालिकाले गर्नेछ ।

२. गाउँपालिकाले शिक्षकको दरबन्दी निर्धारण गर्दा प्रत्येक विद्यालयमा अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा तोकिए वमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नु पर्नेछ ।

---

*◆पहिलो संशोधनबाट थप*



३. उपदफा (१) वमोजिम नियुक्ति भएको शिक्षकको व्यक्तिगत फाइल खडा गरी गाउँपालिकाले राख्नु पर्नेछ ।

**२७. अनुदानको व्यवस्था:-**

१. यो ऐन प्रारम्भ हुँदाका वखत दिदै आएको अनुदान रकममा कटौत नहुने गरी तोकिएको सुत्रको आधारमा गाउँपालिकाले सामुदायिक विद्यालयलाई अनुदान दिनेछ । तर, कुनै विद्यालयले तोकिएको शैक्षिक स्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिईदै आएको अनुदान रकममा तोकिए वमोजिमको कटौती गर्न सकिने छ ।

२. सामुदायिक विद्यालयलाई तोकिए वमोजिमको अनुदान उपलब्ध गराउन सकिने छ। नियुक्ति भएको शिक्षकको व्यक्तिगत फाइल खडा गरी गाउँपालिकाले राख्नु पर्नेछ ।

**२८. प्रधानाध्यापक तथा शिक्षकको सेवा शर्त, योग्यता र सक्षमता:-** शिक्षकको सेवा शर्त, योग्यता र सक्षमता सम्बन्धी संघीय, प्रदेश र स्थानीय कानुनमा तोकिए वमोजिम हुनेछ ।

**❖ २९. शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्था:**

(१) शिक्षक तथा कर्मचारीको पदिय आचरण तोकिए वमोजिम हुनेछ ।

(२) देहायका अवस्थामा शिक्षक वा कर्मचारीलाई पदबाट हटाउन विद्यालयको व्यवस्थापन समितिले कार्वाहीको लागि गाउँ शिक्षा समितिमा सिफारिस गर्नेछ ।

(क) विना सूचना लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,

(ख) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

(ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(घ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा वा कुनै व्यावसायिक क्रियाकलाप गरेमा,

(ङ) निजले अध्यापन गरेको विषयमा लगातार ३ वर्ष सम्म वार्षिक औषत शैक्षिक उपलब्धी चालीस प्रतिशत भन्दाकम भएमा ।

(च) निजले पदीय आचरमा विपरितको कामकाज गरेको पाइएमा ।

(छ) विद्यार्थीलाई शारीरिक, मानसिक यातना दिने वा यौनजन्य दुर्व्यवहार गरेको पाइएमा ।

---

*❖ पहिलो संशोधनबाट परिमार्जन*

(ज) निजले स्थायी अवासीय अनुमति पत्र लिइएमा वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन दिएको पाइएमा ।

(३) उपदफा (२) बमोजिम वा अन्य माध्यमले कुनै शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनु पर्ने एथेष्ट प्रमाण प्राप्त भएमा गाउँपालिकाले निजलाई पदबाट हटाउन सक्नेछ । तर कार्यरत पदबाट हटाउनु अघि मानसिब माफिकको स्पष्टिकरणको मौका भने प्रदान गरिने छ ।

**३०. अदालतको आदेशबाट पुनःबहाली हुन सक्ने** : (१) विभागीय सजाय भई नोकरीबाट हटाइएको वा बरखास्त भएको शिक्षक अदालतको आदेश वा फैसला बमोजिम मात्र नोकरीमा पुनः बहाली हुन सक्नेछ ।

**३१. शिक्षक छनोट समिति** :(१) सामुदायिक विद्यालयमा प्रधानाध्यापक वा करारमा शिक्षक तथा कर्मचारी नियुक्तिका लागि सिफारिस गर्न प्रत्येक विद्यालयमा देहाय बमोजिमको एक शिक्षक तथा कर्मचारी छनौट समिति रहनेछ ।

(क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य - अध्यक्ष

(ख) गाउँ शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख - सदस्य

(ग) गाउँ शिक्षा समितिले गोलाद्वारा छनोट गरेको विषय विशेषज्ञ १ जना - सदस्य

(घ) सम्बन्धित वडाको वडाअध्यक्ष - सदस्य

(ङ) प्रधानाध्यापक - सदस्य सचिव

(२) शिक्षक तथा कर्मचारी छनौट समितिको सचिवालय सम्बन्धित विद्यालयमा रहनेछ ।

(३) गाउँपालिका अध्यक्ष/उपाध्यक्ष सामाजिक विकास समिति संयोजक/प्रमुख प्रशासकीय अधिकृतलाई यस समितिको सुपरीवेक्षण तथा आवश्यक अनुगमन गर्न आमन्त्रित सदस्यको रूपमा बोलाउन पर्नेछ ।

(४) आयोगले शिक्षक वा कर्मचारी छनौट गर्ने सम्बन्धमा जारी गरेको मापदण्ड वा गाउँपालिकाले तोकेको मापदण्ड बमोजिम शिक्षक छनौट समितिले कार्य गर्नु पर्नेछ ।

(५) शिक्षक तथा कर्मचारी छनौट समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(६) उपनियम (१) बमोजिमको प्रधानाध्यापकको उमेद्बवार नभएमा उपलब्ध वरिष्ठतम शिक्षक वा सो पनि उपलब्ध नभएमा नजिकको अगुवा विद्यालयको कुनै पनि



स्थायी शिक्षकहरूमध्येबाट तह र श्रेणी मिल्दो शिक्षकले सदस्य सचिव भई कार्य गर्नेछ ।

(७) शिक्षक छनौट समितिले शिक्षक तथा कर्मचारी सिफारिसका लागि लिइने परीक्षाको केन्द्र सम्बन्धित स्थानीय तह वा स्रोत केन्द्रमा राख्नुपर्नेछ ।

## परिच्छेद-५

## शिक्षक तथा विद्यालय कर्मचारीको नियुक्ति, सरुवा, बढुवा, तालिम

**३२. प्रधानाध्यापक सम्बन्धी व्यवस्थाः-**

१. सामुदायिक विद्यालयमा एकजना प्रधानाध्यापक रहनेछ ।

२. प्रधानाध्यापकको नियुक्ति सम्बन्धी व्यवस्था तोकिएको समितिले तोकिए बमोजिम गर्नेछ ।

३. विद्यालयको व्यवस्थापकीय नेतृत्व तथा शैक्षिक प्राविधिक नेतृत्व तथा शैक्षिक प्राविधिक नेतृत्व गरी विद्यालयको बृहत्तर हित गर्नु प्रधानाध्यापकको कर्तव्य हुनेछ ।

♦**३३. शिक्षकको सरुवाः** सरुवा हुन चाहने शिक्षकले तोकिएबमोजिमको फारम भरी सम्बन्धित स्थानीय तहको शिक्षा शाखामा निवेदन दिनुपर्नेछ ।

१. स्थायी, अस्थायी र साविक उमावि दरबन्दी, अनुदान, संघीय तथा प्रदेश अनुदान शिक्षकको, हकमा निजले कम्तिमा एक वर्ष सेवा गरे पश्चात कक्षा सञ्चालनमा बाधा नपर्ने गरी निजले गाउँ कार्यपालिकाले चाहेमा गाउँपालिका भित्रको अर्को विद्यालयमा सरुवा गर्न सक्नेछ । तर, त्यसरी रोजिएको विद्यालयमा आफ्नो तह, दरबन्दी, आधारभूत, माध्यमिक तहको हकमा सम्बन्धित विषय र दरबन्दी खाली हुनु पर्नेछ ।

२. न्युनतम एक वर्ष एकै विद्यालयमा अध्यापन गरेको स्थायी, अस्थायी र अनुदान शिक्षकले अर्को विद्यालयमा सरुवा हुन चाहेमा गाउँ शिक्षा समितिमा सरुवाका लागि निवेदन दिन सक्नेछन् । यसरी प्राप्त निवेदनका आधारमा गाउँ शिक्षा समिति र कार्यपालिकाको निर्णयवमोजिम आफ्नो क्षेत्रभित्रका दरबन्दी उपलब्ध भएका विद्यालयमा सरुवा गर्न सक्नेछ ।

३. विशेष अवस्थामा बाहेक सामान्यतया शिक्षकको सरुवा शैक्षिक सत्रको सुरु वा अन्त्यमा गरिनेछ । विशेष अवस्था भन्नाले निज सो विद्यालयमा रहन नसक्ने,

♦ पहिलो संशोधनबाट थप

विषयगत दरबन्दी अवश्यक नरहेको, स्वास्थ्य समस्या, पतिपत्नी सँगै रही सेवागर्न पाउने अवस्था वा अन्य चित्तबुझ्दो कारण समेत बुझिने छ ।

४. गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाले आवश्यक ठानेमा गाउँपालिका भित्रका कुनै पनि विद्यालयको कुनै पनि शिक्षकलाई आवश्यकताको आधारमा एक विद्यालयबाट अर्को विद्यालयबाटमा काजमा खटाउन सकिने छ ।

५. यसरी काजमा खटाइएको शिक्षकलाई काजमा खटाइएको विद्यालयमा समान दरबन्दी रिक्त रहेमा विद्यालय व्यवस्थापन समितिको सिफारिसमा गाउँपालिका शिक्षा समितिको निर्णय वमोजिम गाउँ कार्यपालिकाले पदस्थापना गर्न सकिनेछ ।

**३४. दरबन्दी मिलान**

१. गाउँ शिक्षा समितिले विद्यालयमा तहगत, कक्षागत तथा विषयगत र शिक्षक विद्यार्थी अनुपातका आधारमा बढि दरबन्दीभएको विद्यालयबाट कम दरबन्दी भएको विद्यालयमा दरबन्दी मिलानका लागि गाउँ कार्यपालिका समक्ष सिफारिस गर्न सक्नेछ ।

२. यसका लागि विद्यायर्थी संख्या अधिक भएका, शिक्षक कम भएका विद्यालय, अनुदानका शिक्षक नै नभएको क्षेत्र तथा पिछडिएका र ग्रामिण क्षेत्रलाई प्राथमिकता दिइने छ ।

३. अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि विशेष अवस्थामा दरबन्दी मिलानको र सरुवाको काम सिधै गाउँ कार्यपालिका आफैले गर्न सक्नेछ ।

**३५. शिक्षकको बढुवा सम्बन्धी व्यवस्था:** हाल स्थायी रूपमा सेवारत शिक्षकको बढुवा सम्बन्धी व्यवस्था संघीय कानुन वमोजिम हुनेछ । तर, स्थानीय तहबाट नियुक्ति पाएका करार शिक्षकहरूको बढुवा हुनेछैन ।

**३६. शिक्षकलाई अन्य काममा लगाउन नहुने:** (१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालयप्रशासन सम्बन्धी काममा बाहेक अन्य काममा लगाउन हुदैन ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धी काम, दैवि प्रकोप उद्धार वा नेपाल सरकार र गाउँपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ ।



**३७. कार्य सम्पादन करार सम्झौता गर्नुपर्ने:** शिक्षालाई प्रभावकारी वनाउन वेहाय अनुसारका कार्य सम्पादन करार सम्झौताको प्रक्रिया अवलम्बन गर्नु पर्नेछ ।

१. गाउँपालिका अध्यक्षको रोहवरमा प्रमुख प्रशासकीय अधिकृतले शिक्षा शाखा हेर्न अधिकृतसँग, शिक्षा अधिकृतले सबै विद्यालयका प्रधानाध्यापकसँग, प्रधानाध्यापकले आफ्नो मातहतका सबै शिक्षकहरूसँग कार्य सम्पादन करार सम्झौता गर्नु पर्नेछ ।

२. कार्य सम्पादन करार सम्झौता एक वर्षको हुनेछ । सम्झौता अनुसार काम भए नभएको मूल्याङ्कन प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृतले आर्थिक वर्षको अन्त्यमा कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ ।

३. वार्षिक कार्य सम्पादन करारका सूचकहरू निर्धारण गर्ने कार्य गाउँ शिक्षा समितिले तयार पारि गाउँ कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

**३८. कार्य सम्पादन मूल्याङ्कन र सजाय तथा पुरस्कार:**

१. कार्य सम्पादन करार भएका शिक्षक तथा कर्मचारीको कार्य सम्पादन क्षमताको आधारमा मूल्याङ्कन गरि कार्य सम्पादनमा राम्रो नतिजा हासिल गर्ने शिक्षक तथा कर्मचारीलाई पुरस्कृत गर्ने र कम्जोर नतिजा हासिल गर्ने शिक्षक तथा कर्मचारीलाई दण्डित गरिनेछ ।

२. कार्य सम्पादन सम्झौताको मूल्याङ्कन, पुरस्कार र साजय तोकिए वमोजिम हुनेछ ।

**३९. विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड निर्धारण**

१. विद्यालयमा विद्यार्थी संख्या अनुसार कक्षाकोठा, खेल मैदान कम्पाउण्ड, घेराबार, बालमैत्री बसाइ व्यवस्था, वातावरण मैत्री, करेसाबारी, फूलबारी, स्वच्छ पिउने पानी, छात्र छात्राका लागि अलगअलग शौचालय तथा सिकाइ मैत्री वातावरण हुनु पर्नेछ ।

२. विद्यालयको स्तर अनुसार भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड तोकिए वमोजिम हुनेछ ।

३. प्राविधिक तथा व्यवसायिक शिक्षा प्रदान गर्ने विद्यालय तथा विज्ञान मूल विषय पठनपाठन हुने विद्यालयमा प्रयोगशाला तथा प्रयोगात्मक अभ्यासको थप सुविधा हुनु पर्ने छ ।

**४०. विद्यालयको सम्पत्तिः**

१. सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ। यस ऐन वमोजिम अनुमति वा स्वीकृती रद्ध गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति गाउँपालिकाले अन्य विद्यालयको काममा प्रयोगमा नआउने भएमा प्रचलित कानून वमोजिम बेच-बिखन गरी प्राप्त भएको रकम सम्बन्धित गाउँपालिकाको शिक्षा कोषमा जम्मा गर्नेछ।

२. शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोहि विद्यालयको नाममा रहने छ। कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रूपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरूप परिवर्तन गर्न पाइने छैन।

३. कम्पनीअर्न्तगत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ।

४. संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दान दातव्यको रूपमा कुनै किसिमको चल, अचलसम्पत्ति प्राप्त गर्नु अघि गाउँपालिकाको अनुमति लिनु पर्नेछ।

## परिच्छेद-६

### सामुदायिक विद्यालयको भौतिक पूर्वाधार निर्माण, मर्मतसम्भार, सञ्चालन र व्यवस्थापन

**४१. सामुदायिक विद्यालयको जगगाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापनः**

१. सामुदायिक विद्यालयको जगगाको स्वामित्व सो विद्यालयकै नाममा रहने छ। सो विद्यालय वन्द खारेज वा अन्यत्र गाभिई विद्यालयको काममा प्रयोग नहुने भएमा गाउँपालिकाले कानुन वमोजिम भोगचलन गर्न सक्ने छ।

२. विद्यालयको सम्पत्तिको अभिलेख दुरुस्त राख्ने, संरक्षण तथा व्यवस्थापन गर्ने दायित्व सो विद्यालयको व्यवस्थापन समितिको रहने छ।

३. सामुदायिक विद्यालयको जगगाको संरक्षण र व्यवस्थापन गर्ने कर्तव्य गाउँपालिकाको हुनेछ।

**४२. विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तकः**

१. विद्यालयले नेपाल सरकारले तोकेको न्यूनतम मापदण्ड अनुरूप सिकाइ उपलब्धि हासिल हुने गरी अध्ययन अध्यापन गराउनु पर्नेछ। विद्यालयले



नेपाल सरकारले तोकेको मापदण्ड भित्र रही प्रादेशिक तथा स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्न सक्नेछ।

२. आफ्नो क्षेत्रभित्रका विद्यालयलाई आवश्यक पर्ने पाठ्यपुस्तकहरूको संख्या सम्बन्धित विद्यालयले तोकिएको समय सीमाभित्र गाउँ शिक्षा समितिमा माग गर्नुपर्नेछ।

३. गाउँ शिक्षा समितिले शैक्षिक सत्र शुरु हुनु अगावै सम्बन्धित निकायहरूमा समन्वय गरी पाठ्यपुस्तकको प्रबन्ध गर्नेछ।

४. आधारभूत तहसम्मको शिक्षा लागि स्थानीय आवश्यकतामा आधारित बढिमा १०० पूर्णाक्त वा कम्तिमा ४ क्रेडिटआवर बराबरको स्थानीय थप विषयको स्थानीय पाठ्यक्रम प्रयोगमा ल्याउन सक्नेछ। यसका लागि पाठ्पुस्तक विद्यालय व्यवस्थापन समितिले निर्णय गरी लागूगर्न सक्नेछ।

५. हरेक विद्यालयमा शैक्षिक स्तरको न्यूनतम मापदण्ड तोकी शिक्षक विद्यार्थी सहकार्यमा आधारित पाठ्यसामग्री, थप स्वाध्ययन सामग्री, पुस्तकालय, मनोविमर्श, अभिभावक शिक्षाको प्रवन्ध हुनु पर्नेछ।

♦**४३. अतिरिक्त शैक्षिक कृयाकलापः** विद्यालयले पाठ्यक्रममा आधारित सिकाइमा सहजता ल्याउन अतिरिक्त शैक्षिक कृयाकलापहरू बालक्लव, तथा वातावरण मैत्री क्लवहरू गठन, परियोजना कार्य, अध्ययन भ्रमण, पोषण शिक्षा, खेलकुद प्रतियोगिता, साहित्यिक तथा बहुप्रतिभामूखि कृयाकलापहरू सञ्चालन गर्न सक्नेछ।

## परिच्छेद-७

### संस्थागत विद्यालयको अनुमति, मापदण्ड निर्धारण, अनुगमन, मूल्याङ्कन र नियमनसम्बन्धी व्यवस्था

**४४. संस्थागत विद्यालय सञ्चालन गर्न तोकिए वमोजिम अनुमति वा स्वीकृती लिनु पर्नेछ।**

**४५. संस्थागत विद्यालयको व्यवस्थापन समितिः**

१. संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ।

क) विद्यालयको संस्थापक वा लगानी कर्तामध्येबाट गाउँपालिकाले मनोनित गरेको एकजना - अध्यक्ष

♦ *पहिलो संशोधनबाट थप*

ख) अभिभावकहरू मध्येबाट कम्तीमा एक जना महिला सहित दुई जना – सदस्य
ग) स्थानीय शिक्षाप्रेमी वा समाजसेवीहरूमध्येबाट गाउँ शिक्षा समितिले मनोनित एकजना – सदस्य
❖ घ) गाउँपालिकाको शिक्षा, युवा तथा खेलकूद शाखा प्रमुख – सदस्य
ङ) सम्बन्धित विद्यालयका शिक्षकहरूले आफूहरूमध्येबाट छानी पठाएको एकजना प्रतिनिधि – सदस्य
च) विद्यालयको प्रधानाध्यापक – सदस्य सचिव

२. उपदफा (१) को (क) (ख) र (ग) वमोजिम छानिएका अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

**४६. संस्थागत विद्यालयको विद्यालय व्यवस्थान समितिको काम, कर्तव्य र अधिकार**

१. संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :-

क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,
ख) विद्यालयको लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने,
ग) नेपाल सरकार र गाउँपालिकाले तोके वमोजिमको पाठ्यक्रम तथा पाठ्यपुस्तक अनिवार्य रूपमा लागू गर्ने,
घ) प्रचलित कानून वमोजिम शिक्षक पदको लागि उम्मेदवार हुन योग्यता पूरा गरेका व्यक्तिलाई शिक्षक पदमा नियुक्ति गर्ने,
ङ) शिक्षक तथा कर्मचारीको न्यूनतम तलब, सेवा सुविधा तोक्ने,
च) अनुशासनहीन शिक्षक उपर कारबाही गर्ने,
छ) कानूनमा उल्लेखित व्यवस्थाका अतिरिक्त गाउँपालिकाबाट जारी शिक्षा क्षेत्रसँग सम्बन्धित सबै नीति, नियम तथा निर्देशनहरूको पालना गर्ने ।

२. शैक्षिक गुठी अन्तर्गत सञ्चालन भएका विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए वमोजिम हुनेछ ।

**४७. संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्ने:-**

१. संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कूल विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी तोकिए वमोजिम आर्थिक रूपमा विपन्न, अपाङ्गता

*❖ पहिलो संशोधनबाट परिमार्जन*



भएकाहरू, महिला, दलित वा जनजाती विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ । छात्रवृत्ति वितरण सम्बन्धी यथार्थ जानकारी सम्बन्धित वडा समिति र गाउँपालिकास्थित शिक्षा शाखामा बुझाउनु पर्नेछ ।

२. उपदफा (१) वमोजिमको छात्रवृत्तिको लागि विद्यार्थी छनौट गर्न प्रत्येक विद्यालयमा विद्यालयको प्रधानध्यापक, स्थानीय तह शिक्षा हेर्ने अधिकृत र विद्यालय व्यवस्थापन समितिमा रहेका अभिभावकको प्रतिनिधि रहेको एक छात्रवृत्ति सहयोग समिति रहनेछ ।

३. छात्रवृत्ति पाउने विद्यार्थीको छनौटको लागि आधार, शर्त र प्रकृया विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराइ सार्वजनिक समेत गर्नु पर्नेछ र उक्त समितिले छात्रवृत्तिको लागि छनौटको नतिजाको आधार सहित सार्वजनिक गर्नु पर्नेछ ।

**४८. शिक्षकको न्युनतम पारिश्रमिक र पूर्वाधारको मापदण्ड तोक्ने:** गाउँ शिक्षा समितिले संस्थागत विद्यालयका शिक्षकहरूको न्युनतम परिश्रमिक र न्युनतम पूर्वाधारको मापदण्ड तोक्न सक्नेछ ।

**४९. अनुगमन तथा मूल्याङ्कन:** संस्थागत विद्यालयको गुणस्तर कायम राख्न गाउँपालिका वा गाउँ शिक्षा समितिले जुनसुकै समयमा अनुगमन गर्न, निर्देशन दिन सक्नेछ । यस्तो निर्देशन कार्यान्वयन गर्न संस्थागत विद्यालयको दायित्व हुनेछ ।

**५०. अनुमति वा स्वीकृति रद्द गर्ने:** कुनै संस्थागत विद्यालयले ऐन, कानून वा नियम विपरीत कुनै काम गरेमा गाउँपालिकाले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति रद्द गर्न सक्नेछ । तर त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाई पेश गर्ने मौका दिइनेछ ।

## परिच्छेद–८
## परीक्षा सञ्चालन तथा गुणस्तर मापन

**५१. परीक्षा सञ्चालन तथा समन्वय समिति:**

१. गाउँपालिका क्षेत्रभित्र पर्ने आधारभुत तथा माध्यमिक विद्यालयको परीक्षा सञ्चालन, सुपरीवेक्षण तथा समन्वयको लागि देहायको एक परीक्षा सञ्चालन, सुपरीवेक्षण तथा समन्वय समिति रहनेछ ।

क) प्रमुख प्रशासकीय अधिकृत – अध्यक्ष

ख) गाउँपालिकाको शिक्षा क्षेत्र हेर्ने विषयगत समितिको संयोजक - सदस्य

ग) प्रमुख सम्बन्धित स्थानीय तहमा रहेको प्रहरी कार्यालय - सदस्य

घ) गाउँपालिकामा रहेको आधारभूत र मा.वि. तहको शिक्षकहरू मध्येबाट दुईजना - सदस्य

ङ) शिक्षा अधिकृत सदस्य - सचिव

२. परीक्षा सञ्चालन तथा समन्वय समितिको बैठक सम्बन्धी कार्यविधि सो समितिले निर्धारण गरे वमोजिम हुनेछ ।

३. स्थानीय तहको क्षेत्रधिकार बाहिरको शैक्षिक तहको परीक्षा सञ्चालन गर्न सम्बन्धित निकायबाट भएको व्यवस्था वमोजिम समितिले समन्वयमा सहजिकरण र समन्वय गर्नेछ।

४. कक्षा ५ र ८ को परक्षिा सञ्चालन कार्यपालिकाबाट स्वीकृत मापदण्ड वमोजिम समितिले गर्नेछ । परीक्षा सम्वन्धी आवश्यक आर्थिक पक्षका लागि गाउँपालिकाले साझेदारी गर्नेछ ।

५. उपदफा २ र ३ बाहेकका कक्षाहरूको परीक्षा विद्यालय व्यवस्थापन समितिको निर्देशनमा प्रधानाध्यापकले गर्नेछ ।

६. परीक्षा सञ्चालन तथा समन्वय समितिको बैठकमा विषय विशेषज्ञलाई आमन्त्रण गर्न सकिने छ ।

## परिच्छेद-९

## विद्यालयलाई दिइने अनुदान, लेखा व्यवस्थापन र शुल्क नियमन

**५२. विद्यालय कोष:**

१. प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ, जसमा देहाय वमोजिमका स्रोतबाट प्राप्त रकम सो कोषमा दाखिला हुनेछ :-

क) नेपाल सरकार, प्रादेशिक सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान,

ख) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम,

घ) अन्य स्रोतबाट प्राप्त रकम ।



**५३. अनुदानको व्यवस्था**

१. यो ऐन प्रारम्भ हुँदाका बखत दिदै आएको अनुदान रकममा कटौती नहुने गरी तोकिएको सूत्रको आधारमा गाउँपालिकाले सामुदायिक विद्यालयलाई अनुदान दिनेछ। तर कुनै विद्यालयले तोकिएको शैक्षिक स्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिइदै आएको अनुदान रकममा तोकिए वमोजिम कटौती गर्न सकिनेछ ।

२. सामुदायिक विद्यालयहरूलाई तोकिए वमोजिम अनुदान उपलब्ध गराउन सक्नेछ ।

३. गाउँपालिकाले प्रारम्भिक बाल विकास केन्द्रलाई तोकिए वमोजिमको अनुदान दिन सक्नेछ ।

४. गाउँपालिकाले दिइएको अनुदान जुन विद्यालयलाई तोकिएको हो सो विद्यालयमा सोझै अनुदानको रूपमा जम्मा गर्न सकिनेछ ।

**५४. बजेट तयार गर्ने:** प्रधानध्यापकले प्रत्येक वर्षको ज्येष्ठ मसान्तभित्र आगामी वर्षको बजेट तयार गरी व्यवस्थापन समितिबाट स्वीकृत गराई त्यसको एकप्रति शिक्षा शाखामा पठाउनु पर्नेछ ।

**५५. लेखा व्यवस्थापन**

१. सबै विद्यालयहरूले प्रचलित कानून अनुसारको ढाँचामा आय व्यायको लेखा व्यवस्थापन गर्नुपर्ने छ ।

२. नियमित कारोबारको लेखा राख्न वेग्लै लेखा शाखा खडा गरी कुनै कर्मचारी वा शिक्षकलाई जिम्मेवारी दिनु पर्नेछ ।

**५६. सामुदायिक विद्यालयको खाता सञ्चालन**

१. विद्यालयले आर्थिक कारोबार गर्दा बैंक मार्फत गर्नुपर्नेछ ।

२. विद्यालयको खाता सञ्चालन प्रधानाध्यपक र लेखा हेर्ने कर्मचारी वा शिक्षकको संयुक्त दस्तखतबाट सञ्चालन गर्नुपर्नेछ ।

**५७. लेखा परीक्षण तथा सामाजिक परीक्षण**

१. सबै विद्यालयहरूले नियमित रूपमा आर्थिक वर्ष समाप्त भएको पहिलो चौमासिक भित्र गाउँ शिक्षा समितिले तोकेको रजिष्ट्राड लेखा परीक्षकबाट लेखा परीक्षण गराउनु पर्नेछ ।

२. लेखा परीक्षण प्रतिवेदन लेखा परीक्षण समाप्त भएको १५ दिन भित्र गाउँ शिक्षा समिति मार्फत गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

३. प्रत्येक वर्ष विद्यालयले सामाजिक परीक्षण गरी विद्यालयको आय व्यय, शैक्षिक उपलब्धी, विद्यालयको आन्तरिक गतिविधि, पारदर्शिता तथा जवाफदेहिताको अवस्था र आगामि कार्ययोजना सामाजिक परीक्षण मार्फत सार्वजनिक तथा अनुमोदन गर्नु पर्नेछ ।

४. विद्यालयले हरेक त्रैमासिक परीक्षाको नतिजा सहित विद्यार्थीको शैक्षिक प्रगति प्रतिवेदन अभिभावक समक्ष पेश गरी पृष्ठ पोषण दिनु पर्नेछ ।

**५८. छात्रवृत्तिको व्यवस्था गर्न सक्ने:** गाउँपालिकाले विद्यालयमा भर्ना हुने विद्यार्थीलाई तोकिए वमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ ।

**५९. शैक्षिक योग्यता:** शिक्षकको लागि चाहिने शैक्षिक योग्यता तोकिए वमोजिम हुनेछ ।

**६०. शुल्क सम्बन्धी व्यवस्था:**

१. नेपाल सरकारले नि:शुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन ।

२. निशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा बाहेकको अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसँग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ ।

३. विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एकपटक भर्ना शुल्क लिइसकेपछि पुनः सोहि विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि कुनै किसिमको शुल्क लिन पाउने छैन ।

४. विद्यालयले विद्यालयको भौतिक संरचना निर्माण गर्नको लागि विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउने छैन ।

५. संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क तोकिएको अधिकारीबाट स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ। त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृती दिदा तोकिएको अधिकारीले विद्यालयले उपलब्ध गराएको सुविधाको आधारमा दिनेछ ।

**६१. विद्यालयलाई छुट र सुविधा**

१. प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।



२. उपदफा (१) मा लेखिए देखि बाहेक अन्य विद्यालयको नाममा कुनै लिखतपारित गर्दा नेपाल सरकारले तोकिएको आधारमा रजिष्ट्रेशन दस्तुर छुट दिन सक्नेछ ।

३. सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिए वमोजिम हुनेछ ।

**६२. गाउँपालिकाले निर्देशन दिन सक्ने:**

१. गाउँपालिकाले तोकिएको क्षेत्रसँग सम्बन्धित निर्देशनहरू विद्यालय व्यवस्थापन समितिलाई दिन सक्नेछ ।

२. उपदफा (१) वमोजिम दिएको निर्देशनको पालना गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

**६३. नेपाल शिक्षक महासंघ**

(१) सामुदायिक विद्यालयका शिक्षकहरूको पेशागत हकहितको सम्बन्धमा कार्य गर्न एक नेपाल शिक्षक महासंघ रहनेछ ।

(२) नेपाल शिक्षक महासंघ स्थानीय स्तरमा गठन गर्न सकिनेछ ।

(३) नेपाल शिक्षक महासंघको निर्वाचन तोकिए वमोजिम हुनेछ ।

## परिच्छेद-१०

## विविध

**६४.(१) गाउँपालिकाको क्षेत्रमा सञ्चालित सामुदायिक विद्यालयमा प्राविधिक तथा व्यवसायिक शिक्षाको निर्धारण विषय अध्ययन गराउन सकिनेछ । यस्ता विद्यालयको सञ्चालनका लागि गाउँपालिकाले सम्भाव्यता अध्ययन गरी विद्यालयलाई थप सुविधा प्रदान र आवश्यक स्रोत पहिचान र परिचालन गर्न सक्नेछ ।**

(२) नमुना आवसीय माध्यमिक विद्यालय नमूनाको रुपमा सञ्चालन गर्न सकिनेछ ।

(३) विद्यालयको शैक्षिक गुणस्तर वृद्धिका लागि गाउँपालिकाले अनुदान उपलब्ध गराउन सक्नेछ ।

**६५. शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्स सञ्चालन:**

१. कसैले पनि यस ऐन वमोजिम अनुमति नलिई शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैन ।

२. उपदफा (१) वमोजिम शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न अनुमति लिने सम्बन्धी व्यवस्था तोकिए वमोजिम हुनेछ ।

**६६. प्रगति विवरण बुझाउनु पर्नेः** संस्थागत विद्यालयले प्रत्येक वर्ष तोकिए वमोजिमका विवरणसहितको प्रगति विवरण गाउँ कार्यपालिकालाई बुझाउनु पर्नेछ ।

**६७. शिक्षक वा कर्मचारीले नीजि विद्यालयमा लगानी गर्न नपाउनेः** सामुदायिक तथा समुदायद्वारा सञ्चालित विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीले कुनै निजी विद्यालय सञ्चालन गर्न, लगानी गर्न वा व्यवस्थापन सम्बन्धी कुनै कार्य गर्न पाउने छैन ।

**६८. स्थानीय शिक्षा विकास कोष**

१. गाउँपालिकाले आफ्नो क्षेत्रभित्र बसोबास गर्ने अति विपन्न, पाकृतिक प्रकोप पिडित, असक्त र असहाय बालबालिकाको शैक्षिक अवसर वृद्धि गर्न तथा उत्कृष्ट विद्यार्थी, शिक्षक, कर्मचारी वा शिक्षा प्रेमीलाई पुरस्कृत गर्न शिक्षा विकास कोष स्थापना हुनेछ ।

२. कोषमा देहाय वमोजिमका रकम रहन सक्नेछः

क) नेपाल सरकार, प्रादेशिक सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान,

ख) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम,

घ) अन्य स्रोतबाट प्राप्त रकम ।

३. कोषको सञ्चालन गाउँपालिका प्रमुख, शिक्षा हेर्ने गाउँपालिका स्थित विषयगत शाखाको प्रमुख र शिक्षा अधिकृत रहेको तीन सदस्यीय समितिबाट हुनेछ ।

**६९. दण्ड सजायः**

१. कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारी वा न्यायिक समितिले बिगो असूल गरी बिगो वमोजिम जरिवाना गर्न सक्नेछ ।

२. कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई कसुरको मात्रा हेरी कानूनले तोके वमोजिम सजाय हुनेछ ।



क) उत्तर पुस्तिका परीक्षण गर्दा लापरबाही वा गैर जिम्मेवार पूर्ण कार्य गरेमा,

ख) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

ग) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

घ) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा ।

ङ) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा ।

च) अरुको तर्फबाट परीक्षा दिएमा ।

छ) विद्यार्थी भर्ना गर्दा दान,उपहार वा कुनै रकम लिएमा ।

छ) कानून विपरीतको अन्य कार्य गरेमा ।

३. विद्यालयको शिक्षक वा कर्मचारी उपर नैतिक पतन देखिने फौज्दारी अभियोगमा अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मिति देखि निलम्बन हुनेछ । सो शिक्षक वा कर्मचारी अदालतबाट कसूरदार ठहरिएमा निजलाई यस ऐन वमोजिम थप सजाय गरिनेछ ।

**७०. पुनरावेदनः** तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानून वमोजिम पुनरावेदन लाग्नेछ ।

**७१. नियम बनाउने अधिकारः**

१. यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

२. यस ऐनको कार्यान्वयवनको लागि गाउँ शिक्षा समितिले आवश्यक कार्यविधि र निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

**७२. सङ्क्रमणकालिन व्यवस्थाः**

१. यस ऐनले तोकिए वमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआउँदासम्म गाउँ कार्यपालिकाले गर्न सक्नेछ ।

२. यो ऐन जारी भए पछि विद्यालयमा रिक्त रहेको दरबन्दीमा विज्ञापनको अनुमति गाउँ कार्यपालिकाले दिन सक्नेछ ।

**७२. शिक्षक महासंघ सम्बन्धी व्यवस्थाः** शिक्षक महासंघ सम्बन्धी व्यवस्था संघीय तथा प्रादेशिक कानुन वमोजिम हुनेछ ।

**७३. बाधा अडकाउ फुकाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा-अड्काउ परेमा गाउँपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश निकाल्न सक्नेछ । तर यस्तो आदेश गाउँपालिकाले ६ महिना भित्रमा अनुमोदन नगरेमा स्वतः निष्कृय हुनेछ । त्यस्तो आदेश यसै ऐनमा परेसरह मानिनेछ ।

**७४. बचाउ र लागू नहुनेः**

१. यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोही वमोजिम र नलेखिएको कुरामा प्रचलित संघीय शिक्षा ऐन र प्रचलित नेपाल कानून वमोजिम हुनेछ ।

२. यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिनामिना गरेको कसूरमा भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कारवाही चलाउन बाधा पर्ने छैन ।

३. नेपालको संविधान, संघीय र प्रदेश कानूनसँग बाझिने यस ऐनका दफा तथा उपदफाहरू बाझिएको हदसम्म यो ऐन स्वतः निस्कीय हुनेछन् ।

*प्रमाणीकरण मिति : २०७९/०५/११*

....................
**रामकुमार कार्की**
प्रमुख प्रशासकीय अधिकृत

..........................
**कर्ण बहादुर थापा मगर**
गाउँपालिका अध्यक्ष

तीनपाटन गाउँपालिका
गाउँकार्यपालिकाद्वारा मुद्रित रु.७५/-